## मिति २०८०।०६।२४ गते बसेको निस्दी गाउँपालिकाको ४२ औं गाउँकार्यपालिका बैठकको निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं ४ मा लुम्बिनी प्रदेश सरकार मातहत रहेको नागरिक आरोग्य केन्द्रको लागि आ.व २०८०/०८१ मा तलब भत्ता बिनियोजन नभएकोले अभ्यङ्ककर्ताको दरवन्दीमा रहेका गम बहादुर गाहा लाई आर्युवेद औषधि खरिद तथा कर्मचारी तलब अनुदान शिर्षकबाट नेपाल सरकारले तोकेको न्यूनतम् पारिश्रमिक यस गाउँपालिका बाट उपलब्ध गराई चालू आ.व. को श्रावण महिनादेखि लागू हुने गरी करार सेवाको निरन्तरता दिने निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा चालू आर्थिक वर्षका लागि पाल्पा जिल्लाको जिल्ला दररेटमा आधारित रही तयार गरिएको यस निस्दी गाउँपालिकाको आ.व. २०८०।०८१ को निस्दी दर रेट विश्लेषण सर्वसम्मत पारित गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको सार्वजनिक खर्च मापडण्द २०८० यस कार्यपालिका बैठक समक्ष पेश भयो । थप छलफलको लागि उक्त सार्वजनिक खर्च मापदण्ड २०८० को मस्यौदा अगामी कार्यपालिका बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं २ सहलकोट स्वास्थ्य चौकीले सुरक्षित गर्भपतन सेवा प्रदायक संस्थाको लागि चाहिने आवश्यक मापदण्ड पूरा गरेकाले उक्त स्वास्थ्य चौकीलाई सुरक्षित गर्भपतन सेवा प्रदायक संस्था र उक्त स्वास्थ्य चौकीमा कार्यरत कर्मचारी अ.न.मी श्री सिता दर्लामी लाई सुरक्षित गर्भपतन गराउने कर्मचारीकोको रुपमा अनुमती दिने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा जनचेतना युवा क्लवले माग गरेको दोस्रो निस्दी कप -२०८० भलिवल खेल संचालन अनुमति बारे छलफल भएकोमा उक्त्त भलिबल कप गाउँपालिकाले आयोजना गर्ने भलिवल कप सँग एकरुपता पाइएकोले उक्त दोस्रो निस्दी कप-२०८० भलिबल प्रतियोगिता नामबाट भलिवल खेल संचालन गर्न अनुमती नदिने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा जनक माध्यमिक विधालय निस्दी ३ खादर पाल्पामा शिक्षा संकाय तर्फ कक्षा १२ संचालनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

०८० ६ २५

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं - २ सहलकोट  बस्ने कृष्ण बहादुर दर्लामीको छोरा बर्ष ६२ को पूर्ण बहादुर दर्लामीको नाममा रहेको कित्ता नं २२५ र २२६ पूर्व तर्फको पाखो जग्गा जम्मा क्षेत्रफल १-१२-३-१ भएको निज पुर्ण बहादुर दर्लामीको जग्गा खरिद अंशुवर्मा मा.विले गरेकोले श्री अंशुवर्मा माध्यमिक विधालयको नाममा निशुल्क रजिष्ट्रेशन पास गर्न सम्बन्धित मालपोत कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा मिति २०८०।०६।२२ गते बसेको गाउँ शिक्षा समितिको निर्णय सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा निस्दी गाउँपालिका २ नं. वडा कार्यालय, सहलकोटमा वडा सचिवको रुपमा कार्यरत श्री जगत बहादुर थापाको सट्टा सहलकोट स्वास्थ्य चौकीमा कार्यरत अ.न.मि. श्री सिता दर्लामीलाई मिति २०८०/०७/०१ देखि वडा सचिवको रुपमा थप जिम्मेवारी दिनका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**मिति २०८०।०६।२४ गते बसेको निस्दी गाउँपालिकाको ४२ औं गाउँकार्यपालिका बैठकको निर्णयहरु प्रमाणित ।**

०८०।६।२५

**ध्रुव दयाल**
**प्रमुख प्रशासकीय अधिकृत**

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा